# कांठमाण्डौं फरेष्ट्री कलेज
# KATHMANDU FORESTRY COLLEGE
स्थापना: २०६२ (Estd: 2005)

VAT:302402302
Company Regd. No.:972/2063/064


Ref. No.: 2081-82

मितिः २०८१।१०।१८

**NRM–RD स्नाकोत्तर तहका विधार्थीहरुलाई भर्ना सम्बन्धी सूचना**

उपरोक्त सम्बन्धमा श्री वन विज्ञान अध्ययन संस्थान, पोखराले शैक्षिक सत्र २०८१-२०८३ का लागि लिएको प्रवेश परीक्षाको मिति २०८१।१०।१५ गते प्रकाशित नतिजा बमोजिम उक्त प्रवेश परीक्षा उत्तिर्ण भएका विधार्थीहरुले यस कलेजको प्राप्त कोटामा भर्नाको लागि इंच्छुक विधार्थीहरुलाई भर्नाको लागि यो सुचना प्रकाशित गरिएको छ ।

भर्नाको लागि प्रथम किस्ता बापतको शुल्क रकम रु. ८५,०००।- (पचासि हजार) र बार्षिक दुर्घटना बीमा बापतको रकम रु. ७५०।- (सात सय पचास) समेत गरि जम्मा ८५,७५०।- (पचासि हजार सात सय पचास मात्र) रकम यस कलेजको नाममा **नविल बैंक लिमिटेड, ग्वार्को शाखा, ललितपुर** मा रहेको **कल खाता नं. ५००६०१७५०००००६** मा वा कलेजको QR मार्फत मिति २०८१।१०।२५ गते दिनको १ बजे भित्र जम्मा गरि मिति २०८१।१०।२५ गते अपरान्ह २ बजे भित्र रकम जम्मा गरेको सक्कल भौचर Online मार्फत अथवा कलेजको लेखा शाखामा सम्पर्क गरि भर्ना भई सक्नुपर्नेछ ।

**भर्नाका अन्य सर्तहरु निम्नानुसार छन्:**

- भर्ना हुंदा सम्पूर्ण शैक्षिक प्रमाणपत्रहरुको १ सेट फोटोकपी, नागरिकताको प्रमाणपत्रको फोटोकपी तथा २ प्रति पासपोर्ट साइज फोटो साथमा लिई आउनुपर्ने छ । बिदेश बाट उत्तिर्ण भएकाहरुले सक्कल माइग्रेसन र प्रोभिजनल प्रमाणपत्र समेत पेश गनुपर्ने छ ।
- नियमानुसार भर्ना भएका विद्यार्थी ले कारणबश प्रथम सेमेष्टरको कक्षा सञ्चालन सुरु हुनुपूर्व भर्ना रद्द गर्नुपर्ने भएमा प्रिन्सिपल समक्ष स्पष्टकारण खुलाई निवेदन पेश गर्नुपर्ने छ । निवेदन स्वीकृत भएमा भर्ना शुल्क (रु.५,०००) र Capitation शुल्क (रु.५०,०००) बापत नीजले बुझाएको रकम कट्टा गरि बाँकी रकम फिर्ता गरि भर्ना रद्द गर्न सकिने छ । कक्षा सुरु भईसकेपछि भर्ना रद्द गर्न कलेज प्रशासन बाध्य हुने छैन ।

**नोटः QR Code** तथा **Online** बाट भुक्तानी गर्दा **Remarks** मा अनिवार्य आफ्नो नाम उल्लेख गर्नु पर्ने छ ।




**पुनश्चः** विधार्थीहरुको हितलाई मध्यनजर गरि कलेजले यसै कलेजका पुर्व विधार्थीहरुलाई १५ प्रतिशत र अन्य विधार्थीहरुलाई १० प्रतिशत छुटको व्यवस्था गरिएको छ ।

झमक बहादुर कार्की
प्रिन्सिपल